# एनआईबिएल एस क्यापिटल लिमिटेडको

# दशौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९ आश्विन २८ गते शुक्रबार)

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०७९/०६/२६ गतेका दिन बसेको संचालक समितिको १०१ औ बैठकले निर्णय गरे अनुसार यस कम्पनीको दशौं बार्षिक साधारण सभा निम्न लिखित मिति, समय तथा स्थानमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७९/०७/१८ गते (तद्नुसार नोभेम्बर, ४, २०२२) शुक्रबार ।
समय : बिहान १०:३० बजे ।
स्थान : एनआईबिएल एस क्यापिटल लि. को सभाहल, लाजिम्पाट, काठमाण्डौं ।

**छलफलका बिषय**

**क) सामान्य प्रस्तावहरू :**

१) आर्थिक वर्ष २०७८/०७९ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको आषाढ ३२, २०७९ मा समाप्त भएको आर्थिक वर्षको वासलात, तथा सोही मितिमा समाप्त भएको आ.व. २०७८/०७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।
३) सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम २० प्रतिशत नगद लाभांश (रू. २७,००,००,०००/- चुक्ता पूँजीको २० प्रतिशतले हुन आउने रकम रू. ५,४०,००,०००/-) करसहित वितरण गर्ने प्रस्ताव पारित गर्ने ।
४) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षण गर्न संचालक समितिको सिफारिस मुताबिक लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने ।

**ख) विशेष प्रस्तावहरू :**

१) मुख्य कम्पनी श्री नेपाल इन्भेष्टमेण्ट बैंक लि. हाल गाभ्ने/गाभिने (Merger) प्रकृयामा रहेको र मुख्य कम्पनी श्री नेपाल इन्भेष्टमेण्ट बैंक लि. अन्य मर्चेन्ट बैंकिङ्ग व्यवसाय सञ्चालन गरिरहेका बैंक/वित्तीय संस्थाहरूसँग गाभिएमा धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम २९(क) बमोजिम सो कम्पनीसँग गाभ्ने/गाभिने तथा अन्य मर्चेन्ट बैंकिङ्ग व्यवसाय सञ्चालन गरिरहेका कम्पनीहरूसँग गाभ्ने/गाभिने सन्दर्भमा समेत प्रचलित कानुन तथा निर्देशनहरू बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरू पुरा गरी अख्तियार प्राप्त निकायबाट अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरूबाट निर्देश गरे बमोजिमका विवरण उपलब्ध गराउने लगायतका कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने ।
२) यस कम्पनीको नियमावलीको नियम ३१ (१) संशोधन गरी सञ्चालक समितिको भत्ता वृद्धि गर्ने विशेष प्रस्ताव पारित गर्ने ।
३) विशेष प्रस्तावका संशोधनहरूबाट प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधन/थप उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताविक संशोधन गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने ।
४) आर्थिक वर्ष २०७८/०७९ मा कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गरिएको अनुदान/दान रकम रू. १३,१२,४१९/- पारित गर्ने ।

**ग) विविध ।**

संचालक समितिको आज्ञाले
**कम्पनी सचिव**

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ०१-४४२५२८०, फ्याक्स: ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com